# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः १० मितिः २०८०।११।१४


## भाग - २

## आधारभूत स्वास्थ्य सेवा अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका, २०८०

जनस्वास्थ्य सेवा ऐन,२०७५ को दफा ६४ को अधिकार प्रयोग गरि यस शिवराज नगरपालिकाले यो **आधारभूत स्वास्थ्य सेवा अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका, २०८०** जारि गरेको छ।

# आधारभूत स्वास्थ्य सेवा अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका, २०८०

*नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/१३*

**प्रस्तावना** :-

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका जनशक्ति मार्फत आफ्नै फार्मेसी सेवा संचालन गरि बिरामी एवं सेवाग्राहीहरुलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउन जनस्वास्थ्य सेवा ऐन,२०७५ को दफा ६४ को अधिकार प्रयोग गरि यस शिवराज नगरपालिकाले यो निर्देशिका जारि गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस निर्देशिकाको नाम "**अस्पताल फार्मेसी सेवा संचालन निर्देशिका,२०८०**" रहनेछ।

(२) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :-**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(१) **"नगर कार्यपालिका"** भन्नाले शिवराज नगरपालिका सम्झनु पर्दछ।

(२) **"अस्पताल"** भन्नाले सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी अस्पताल भन्ने सम्झनु पर्दछ।

(३) **"फार्मेसी सेवा"** भन्नाले अस्पतालहरुमा संचालनमा रहेको र संचालन गरिने औषधि तथा औषधिजन्य सामग्रीहरुबाट सेवा सम्झनु पर्दछ।

(४) **"ऐन"** भन्नाले स्वास्थ्य सेवा ऐन,२०७५ सम्झनु पर्दछ।

(५) **"नियमावली"** भन्नाले जनस्वास्थ्य सेवा नियमावली,२०७७ सम्झनु पर्दछ।

(६) **"मापदण्ड"** भन्नाले स्वास्थ्य सेवा संचालन मापदण्ड,२०७७ सम्झनु पर्दछ।

(७) **"कमिटि"** भन्नाले दफा ३ बमोजिम गठन भएको ड्रग एण्ड थेराप्युटिक कमिटि सम्झनु पर्दछ।

(८) **"अस्पताल फर्मुलरी"** भन्नाले अस्पतालमा प्रयोग हुने औषधि तथा औषधिजन्य सामग्रीहरुको विवरण पुस्तिका सम्झनु पर्दछ।

**३. ड्रग एण्ड थेराप्युटिक कमिटि :-**

अस्पतालबाट दिईने फार्मेसी सेवालाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्नका लागि देहाय बमोजिमको अध्यक्ष तथा सदस्यहरु रहने गरि ड्रग एण्ड थेराप्युटिक कमिटि गठन गर्नु पर्नेछ।

(१) अस्पताल प्रमुख वा प्रमुखले तोकेको बरिष्ठ चिकित्सक - अध्यक्ष
(२) चिकित्सकीय बिभागका इकाई प्रमुख - सदस्य
(३) नर्सिङ्ग प्रमुख - सदस्य
(४) प्रशासन प्रमुख - सदस्य
(५) आर्थिक प्रशासन प्रमुख - सदस्य
(६) फार्मेसी प्रमुख - सदस्य सचिव

**४. कमिटिको काम,कर्तब्य र अधिकार :-**

कमिटिको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) फार्मेसीमा राखिने औषधि तथा औषधिजन्य सामग्रीहरुको सुची निर्धारण गर्ने।

(२) आबश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीहरुको उत्पादक तथा आपूर्तिकर्ताहरुको योग्यता निर्धारण गर्ने।

(३) खरिद भई आएको औषधि तथा औषधिजन्य सामग्रीहरुको बिक्रि मूल्य निर्धारण गर्ने गर्दा अधिकतम खुद्रा मूल्य (Maximum Retail price) भन्दा बढी हुनु हुँदैन।

(४) अस्पताल फार्मेसीको स्वीकृत दिने परिमार्जन गर्ने वा संसोधन गर्ने।

(५) औषधि सेवन तथा प्रयोगबाट हुन सक्ने वा हुने प्रतिकुल प्रभाबहरुको (Adverse Drug Reaction) अनुगमन तथा अध्ययन गर्ने।

(६) अस्पतालबाट प्रदान गरिने उपचारको सम्बन्धमा स्तरीय उपचार प्रोटोकल (standard Treatment Protocol) तयार गरि लागु गर्ने।

(७) फार्मेसी सेवा संचालन सम्बन्धमा संघिय स्वास्थ्य मन्त्रालय र स्थानीय नगरपालिकाबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने।

(८) अस्पताल फार्मेशीको संचालन तथा अन्य व्यवस्थापन सम्वन्धमा अनुगमन तथा सुपरिवेक्षण नगरपालिका,वडा कार्यालय र स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति मार्फत हुनेछ।

**५. <u>कमिटिको बैठक सम्बन्धि व्यवस्था</u> :-**

(१) कमिटिको बैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्नु पर्नेछ।

(२) बैठक अध्यक्षले बोलाएको मिति र समयमा बस्नेछ।

(३) बैठक बस्नु भन्दा कम्तिमा अढ्चालिस घण्टा अगावै सदस्य सचिबले सबै सदस्यहरुलाई बैठकको कार्यसूची उपलब्ध गराउनु पर्नेछ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन, निजको अनुपस्थितिमा बरिष्ठ चिकित्सकले गर्नेछन्।

(५) कमिटिको बैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ। मत बराबर भएमा निर्णायक मत अध्यक्षले दिनेछन्।

(६) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिबले प्रमाणित गर्नेछन्।

(७) कमिटिको बैठक सम्बन्धि अन्य कार्यबिधि कमिटि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६. <u>फार्मेसी प्रमुखको काम,कर्तब्य र अधिकार</u> :-**

फार्मेसी प्रमुखको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(८) कमिटिको निर्णय कार्यन्वयन गर्ने गराउने।

(९) कमिटिको बैठकको लागि प्रस्ताव तयार गरि पेश गर्ने।

(१०) औषधि तथा औषधिजन्य सामग्रीहरुको सूची तयार गर्ने गराउने र कमिटिबाट अनुमोदन गराउने।

(११) फार्मेसी सेवाको समय व्यबस्थापन गर्ने।

(१२) मातहतका कर्मचारीहरुको सुपारीबेक्षण गर्ने।

(१३) कमिटिले तोकेको अन्य कार्यहरु गर्ने।

**७. <u>निःशुल्क औषधि वितरण गरिने सम्बन्धि ब्यबस्था</u> :-**

(१) नेपाल सरकारबाट नि;शुल्क वितरण गर्ने भनि तोकिएका औषधिहरु सरकारी अस्पताल फर्मेसीले निःशुल्क उपलब्ध गराउनु पर्नेछ।

(२) निःशुल्क वितरण गरिने औषधिहरुको ब्यबस्थापन छुटै गर्नु पर्नेछ।

(३) निःशुल्क वितरण गरिने औषधिहरुको सूची सबैले देख्ने गरि राख्नु पर्नेछ।

**८. <u>फार्मेसी सेवा संचालनको लागि आबश्यक जनशक्ती तथा अन्य ब्यबस्था</u> :-**

अस्पताल फार्मेसी संचालनको लागि आबश्यक पर्ने जनशक्ती तथा अन्य व्यवस्था स्वास्थ्य संस्था संचालन मापदण्ड,२०७७ मा तोकिए बमोजिम हुनु पर्नेछ।

**९. <u>गुणस्तरीय/स्तरीय संचालन कार्यबिधि (Standard Operation Procedure) निर्माण गर्नु पर्ने</u> :-**

कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकुल हुने गरि औषधि खरिद, भण्डारण, औषधिको गुणस्तर कायम गर्ने, इन्भेन्टरी व्यवस्थापन लागु तथा मनोद्रियक औषधिहरुको भण्डारण, औषधिको गुज्रिने म्याद, फोहर व्यवस्थापन, किरा तथा मुसा नियन्त्रण सम्वन्धमा अस्पतालले स्तरीय संचालन कार्यविधी निर्माण गर्नु पर्नेछ।

*<u>प्रमाणिकरण मिति : २०८०/११/१३</u>*

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**